# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाण्डौ

मिति: २०७४/०१/१२ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

-----------------------------------------------------------------

भेरी अंचल अस्पताल नेपालगंज, बाँकेमा कार्यरत विभिन्न स्वास्थ्यकर्मी र कर्मचारीहरुबाट आ.व. २०७०/०७१ मा दैनिक भ्रमण भत्ता वापतको रकम वितरणमा अनियमितता भएको विषयमा आयोगबाट थप अनुसन्धान हुँदा भेरी अंचल अस्पताल, बाँकेमा तत्कालिन अवस्थामा कार्यरत डा. पिताम्बर सुवेदी, शाखा अधिकृत माधव प्रसाद ज्ञवाली, लेखा अधिकृत पदम बहादुर जि.सी, नर्सिङ अधिकृत हरिकला के.सी, हाउस किपिङ सुपरभाईजर शोभा कुमारी पौडेल, प्राथमिक स्वास्थ्य केन्द्र लिम्सा रोकायागाउँ, जाजरकोटमा कार्यरत अ.न.मी. विष्णुमाया कठायत र स्वास्थ्य चौकी साल्मा, जाजरकोटमा कार्यरत अ.न.मी. सुलोचना चन्दले कामको सिलसिलामा भ्रमण गरेको भनी नक्कली टिकट पेश गरेको एवं वास्तविक लागत भन्दा बढी मूल्यको टिकट पेश गरी भ्रमण भत्ता वापतको रकम भुक्तानी लिई आफुहरुलाई गैरकानुनी लाभ पुऱ्याउने र नेपाल सरकारलाई गैरकानुनी हानी पुऱ्याउने बदनियतले काम गरि भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसूर गरेको पुष्टी हुन आएको हुँदा निजहरुलाई सोही ऐनको दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिम सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाण्डौमा आरोप-पत्र दायर गरिएको छ ।

(जीवराज कोइराला)
सह-सचिव एवं प्रवक्ता